प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

# प्रेस विज्ञप्ति

मिति : २०७७/२/२

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट गण्डकी प्रदेशमा खटिई आउनुभएका डा. प्रदीप के.सी र डा. सन्तोष के.सी ले गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यूसँग भेट गरि गण्डकी प्रदेशका विभिन्न जिल्लामा कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि आफ्नो टोलीले अनुगमन निरिक्षणका क्रममा देखेका कुराहरुबारे जानकारी गराउनुभएको थियो।

यहि जेष्ठ १ गते स्वास्थ्य निर्देशनालयको आयोजनामा हब तथा सेटेलाइट अस्पतालमा कार्यरत प्रयोगशालाकर्मीहरुको क्षमता अभिबृद्धिका लागि तनहुँमा स्वास्थ्य सुरक्षा सामग्रीको प्रयोग, स्वाब संकलन आदि विषयमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

हिंजो नवलपरासी (व.सु.पू) स्थायी ठेगाना भएका एक व्यक्तिको भरतपुर चितवन स्थित कोरोना आस्पतालमा गरिएको परिक्षणमा कोभिड - १९ पोजिटिभ देखिएकोमा उनको सम्पर्कमा आएका व्यक्तिहरुको पहिचानको लागी कन्ट्याक्ट ट्रेसीङ कार्यको शुरुवात भैसकेको छ।

गोरखा वेलफेयर ट्रष्टको सहयोगमा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखरामा अटोमेटेड ह्यान्ड वाशिंग स्टेसनको स्थापना भएको छ।

तनहुँको बन्दीपुर अस्पतालको न्युनतम सेवा मापदण्डको मध्यावधिक मुल्यांकन सम्पन्न भएको छ।

मुस्ताङमा क्वारेन्टाइनमा बसेका ५ जना व्यक्तिहरु १४ दिन पुरा गरि घर फर्किनुभएको छ।

मनाङमा कारागारमा रहेका कैदी बन्दीहरुलाई कोभिड - १९ बारे जानकारी प्रदान तथा छलफल सम्पन्न भएको छ।

अहिलेसम्म गण्डकी प्रदेशमा ७८८ जनाको नमुना संकलन भएको छ जसमा ७६४ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र २२ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ। त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६९३२ जनामा RDT परिक्षण गरिएको छ।

डा विनोद विन्दु शर्मा
निर्देशक

Website: http://hd.gandaki.gov.np/
Email Address: hd.gandaki@gmail.com